स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दीपेन्द्र के. खनालको निर्देशनमा तयार भएको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'दुई चुल्ठी बाटन' बोलको गीतमा निशान भट्टराई र मेलिना राईको युगल स्वर रहेको छ भने बी पाण्डेको शब्द रचना र सुभाष भुषालको संगीत छ । लोक शैलीको छनक दिने गीतमा फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री आँचल शर्माको नृत्य प्रस्तुत छ । पशुपतिनाथ परिसरमा छायांकन गरिएको गीतमा आँचललाई अभिनेत्रीकै रुपमा प्रस्तुत गरिएको छ ।

आजको विचार...



डा.शान्तिकृष्ण अधिकारी

दासप्रथा...

(दुई पेजमा)



करिब ५ वर्षदेखि पर्दामा देखिएका अभिनेता राजेश हमाल कुनै न कुनै माध्यमबाट दर्शकमाझ भने पुगिरहेका छन् । चाहे म्यूजिक भिडियोबाट होस् या रियालिटी शो । उनले सञ्चालन गरेको 'को बन्छ करोडपति ?" राम्रो चर्चामा आएको थियो । यसपछि हमालले 'जातको प्रश्न' नामक टीभी शो चलाए । अब उनी कृषि एग्रिकल्च सम्बन्धी एक रियालिटी शोमा 'मास्टर होस्ट'को रुपमा देखिने भएका छन् । एग्रिकल्चर गेम रियालिटी शो भनिएको 'रिभोलुसनरी एग्रिकल्चर वार (र)को एक कार्यक्रमका बीच घोषणा गरियो ।

❒ वर्ष २९ ❒ अंक ४७ ❒ २०८० भदौ १६ गते शनिबार 2 September 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गाउँमा जात्राको रौनक, सहरमा भने हराउँदै

**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ १५/ जिल्लाका ग्रामीण क्षेत्रमा दिनभर रोपाइँ जात्राको रौनक देखियो तर, तानसेनका बजार क्षेत्रमा भने कहींकतै पनि रोपाइँ जात्रा देख्न पाइएन । तानसेनको काजीपौवा, अर्चले, धरमपानी, सापाखुम, बराङ्दीलगायतका स्थानबाट विगतमा रोपाइँ जात्रा बजारक्षेत्रमा ल्याउँथे । यसपटक भने जात्रा हेर्न बजार आएका जात्रालु पनि देख्न नपाई घर फर्किनुपर्ने अवस्था आयो । तानसेन बजारमा हुने परम्परागत जात्रा, महोत्सव कला संस्कृति आजकल गाउँ-गाउँमा जर्गेना हुन थालेका छन् । गाईजात्रा, रोपाईजात्रा जस्ता ऐतिहासिक परम्परागत जात्रा तानसेन बजारबाट हराउँदै गएपछी गाउँ -गाउँमा भने युवाहरुले जर्गेना गर्न थालेका हुन । पछिल्लो समय सहर बजारको चहल पहल गाउँघर तिर सरेपछी ऐतिहासिक, परम्परागत जात्रा, महोत्सवहरु समेत गाउँ-गाउँमा शुरु भएका छन् । विगतका दिनहरुमा विभिन्न किसिमका ऐतिहासिक जात्रा हेर्न तानसेन बजारमा मानिसको जमघट हुँदै आएपनि दुई / चार वर्षयता जात्रा निकाल्न छोडिएको छ । तानसेन



बगनासकाली गाउँपालिकाको चिलाङ्दीमा निकालिएको परम्परागत रोपाईजात्रा

बजारमा जात्रा हराए पनि पाल्पाको रिब्दिकोट गाउँपालिका हार्थोक बजारमा भने परम्परागत ताहमचा गाइजात्रा निकालिएको छ । हार्थोक बजारमा ताहमचा, लाखे, ढेढेको स्वरुपमा घर-घर, चोक चोक डुलाएर पुजा आजा गर्दै मानिसहरु बिच रमाइलो गरिएको छ । यस्ता ऐतिहासिक जात्राहरु निकाल्न धेरै खर्च लागे पनि परम्परा धान्न सबै पक्ष जुटेर लागेको र हार्थोकमा ताहमचा जात्रा निकालिएका स्थानीय अगुवा चिरञ्जीवी अमात्यले बताए । स्थानीय कला संस्कृति स्थानीय सरकारको सहयोग विना आगामी दिनमा सञ्चालन गर्न कठिन हुने ताहमचा गाइजात्रा सञ्चालन समितिका अगुवा अमात्यले बताए । तानसेन बजारमा विगतमा विभिन्न किसिमको गाईजात्रा, रोपाईजात्रा निकाल्ने परम्परा अहिले हराउँदै गएको छ । विगत ३ वर्षदेखी तानसेनमा रोपाईजात्रा हुन सकेको छैन । तानसेनमा रोपाईजात्रा नभएपछि छिमेकी पालिका बगनासकालीको चिलाङ्दीमा रोपाईजात्रा हेर्ने मानिसहरुको भिडभाड लागेको छ । तानसेन नगरपालिकाले जात्रामा चासो नदेखाएपछी छिमेकी गाउँपालिकाहरुले भने स्थानीयकला संस्कृति जर्गेना गर्न लागि परेका छन् । आफ्नो बाबु बाजेले चलाएको कला संस्कृति जर्गेना गर्दै पहिचान कायम गर्न लागि परेको बगनासकाली रोपाईजात्राका संयोजक विनोद परियारले बताए । तानसेनलाई ऐतिहासिक साँस्कृतिक नगरपालिका भनिए पनि परम्परागत कला संस्कृति हराउँदै जान थालेका छन् । विगतका समयमा विभिन्न किसिमका जात्राहरु हेर्न तानसेन बजारमा जाने गरे पनि आजकल तानसेनमा हुने जात्राहरु गाउँमै गर्न थालिएको बगनासकालीका स्थानीय यज्ञ प्रसाद श्रेष्ठले बताए । काठमाडौंको भाई भनेर चिनिएको तानसेन बजारमा विगतमा हुने अधिकाश जात्राहरु निकालिन छाडिएको, जात्रा सञ्चालनको लागि स्थानीय सरकारले चासो नदिएको तानसेनका संस्कृतीकर्मी राजेन्द्रगोपाल सिंहले बताए । तानसेन नगरपालिकाले भने तानसेनमा हुने जात्राको अवस्था हेरिकन बजेट विनियोजन गरेको तानसेन नगरपालिकाका प्रवक्ता यादव सिंह कार्कीले बताए । रोपाईजात्राको लागि मात्र ४० हजार बजेट विनियोजन गरिएको भए पनि रोपाइजात्रा हुन नसकेको उनले बताए । तानसेनमा यस बर्ष गतबर्षमा जस्तो गाईजात्रा समेत हुन सकेन । विगतमा स्वतहस्फुर्त रुपमा निकालिने जात्राहरु आजकल हराउँदै गएका छन् । मानिसको बढ्दो बसाई सराई, व्यस्तता, मनोरञ्जनात्मक साधनको विविधिकरण, स्थानीय कला संस्कृति प्रति जनचेतनामा कमी भएका कारण परम्परागत जात्राहरु हराउँदै गएका हुन् ।

## सक्षिप्त समाचार

### बालिकाको पानीमा डुबेर मृत्यु



**पाल्पा,** भदौ १५/जिल्लाको बगनासकाली गाउँपालिका-१ चिलाङ्दीमा पानीमा डुबेर एक वर्षीया बालिकाको मृत्यु भएको छ । बुधबार बाथरुममा भरी राखेको बाल्टिनको पानीमा डुबेकी पूर्वखोला गाउँपालिका-२ की एक वर्षीया बालिका अंशिका शारुको उपचारका क्रममा मृत्यु भएको हो । बालिका बाल्टिनको पानीमा डुबेपछि बुवा अनन्त सारुले उपचारका लागि तानसेनस्थित युनाइटेड मिसन अस्पताल पु¥याएका थिए । अस्पतालमा डाक्टरले चेंक जाँचपछि मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पूर्वखोला घर भएका सारु चिलाङ्दीमा कोठा भाडामा बस्दै आएका छन् ।

# तानसेन–रिडी सडक दिउँसोमा पनि बन्द



**पाल्पा,** भदौ १५/पाल्पाको तानसेन हुँदै गुल्मीको रिडी जाने सडक दिउँसोमा पनि बन्द भएको छ । रातीमा ६ घण्टा बन्द हुँदै आएको सडक शुक्रबारदेखि दिउँसोमा पनि बन्द भएको हो ।

तानसेन-रिडी सडक खण्डको जोर्ता माथिको उकालोमा सुख्खा पहिरोसहित ढुँगा खसेपछि सडक जोखिममा रहेकाले ढुंगा पन्छाउन सडक बन्द गरिएको सडक डिभिजन कार्यालय पाल्पाले जनाएको छ । बुधबार सोही ठाउँमा ढुंगा सहितको सुख्खा पहिरो गुडिरहेको स्कार्पियोमाथि खसेपछि तीन जनाको ज्यान गएको थियो भने ७ जना घाइते भएका थिए । सडक माथि अझै केही ढुंगाहरु खस्न सक्ने अवस्थामा रहेकाले ति ढुंगा हटाउनका लागि सडक बन्द गर्नु परेको सडक डिभिजन प्रमुख प्रदिपमणी निरौलाले जानकारी दिए । उनले भने 'सुख्खा पहिरो खसिरहेकाले जोखिम मोलेर यात्रा गर्नु भन्दा केही समय बाटो बन्द गरेरै भए पनि जोखिम हटाउन लागेका हौं ।'

शुक्रबार र शनिबार पूर्ण रुपमा सडक बन्द गरेर काम थालिएको सडक कार्यालयका इन्जिनियर सागर पोखेरलले बताए । सडक बन्द अवधिभर वैकल्पिक रुपमा रानीमहलको सडक प्रयोग गर्न सकिने उनले बताए । तानसेन-रिडी सडक खण्डको लघुवादेखि जोर्तेसम्मको सडक चौडा गर्ने काम भइरहेको छ । सडक कार्यालयले साउन २७ गतेलेखि उक्त सडक खण्ड स्तरोन्नती तथा मर्मत गर्नका लागि भन्दै २५ दिनसम्म सडक बन्द गरेर काम गर्दै आएको छ ।

# टापुधाममा १२ लाख शिवलिङ्ग स्थापना

**रामपुर (पाल्पा),** भदौ १५/ शालिग्राम शिला क्षेत्रका रूपमा परिचित टापुधाम क्षेत्रमा १२ लाख १२ हजार आठ सय ८८ शिवलिङ्ग स्थापना गरिएको छ । कालीगण्डकी नदीको तटमा अवस्थित पाल्पा रामपुर नगरपालिका-१ स्थित टापुधाम क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्न शिवलिङ्ग स्थापना गरिएको हो ।

यसअघि शिव पञ्चायन मन्दिर तथा शालिग्राम संग्रहालय स्थापना गरिएको तपोभूमि टापुधाम माटोबाट बनेको १२ लाख १२ हजार आठ सय ८८ शिवलिङ्ग आठ फिट लम्बाइ, आठ फिट चौडाइ र आठ फिट गहिराइको खाल्डोमा राखेर साना शिवलिको माथिल्लो भागमा शिलाबाट बनेको पञ्चमुखी शिवलिङ्ग स्थापना गरिएको समितिका संयोजक तथा



वडाध्यक्ष कपिलबहादुर खाणले बताए । अखण्ड नेपाल निर्माणको संकल्पसहित विभिन्न स्थानमा तीन करोड शिवलिङ्ग स्थापना गर्ने अभियानमा सक्रिय धार्मिक अभियन्ता योगिनी श्री उदयनाथ (शान्ति राज्य लक्ष्मी शाह) र योगी अक्षर ब्रम्ह (अग्निशम्शेर प्रताप शाह)को संकल्पअनुसार वैदिक विधि पूरा गरी प्राण प्रतिष्ठासहित शिवलिङ्ग स्थापना गरिएको छ । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका रूपमा रहेको कालीगण्डकी नदी, यहाँ पाइने शालिग्राम शिलाको संरक्षण, धार्मिक प्रवर्द्धनका लागि टापुधाम क्षेत्र उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्दै जाने बताए । 'कालीगण्डकी नदीसँग जोडिएको टापुधाम क्षेत्र धार्मिक पर्यटनका लागि अत्यन्तै सम्भावना बोकेको छ, कालीगण्डकी करिडोर सडकखण्ड यसकै आडमा रहेकाले आन्तरिक मात्र नभई बाह्य पर्यटक भित्र्याउन आवश्यक पूर्वाधार विकासका काममा जोड दिनेछौं', नगरप्रमुख थापाले भने । नेपाललाई अखण्ड राख्न संकल्पका साथ विगत चार वर्षदेखि तीन करोड शिवलिङ्ग स्थापना गर्ने अभियान सञ्चालन गर्दै आइरहेको धार्मिक अभियान्ता योगी अक्षर ब्रह्म अग्निशम्शेर प्रताप शाह बताउँछन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## एमसिसी कार्यान्वयनमा विवाद सिर्जना नगर

**अमेरिकी संस्था मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) अनुदान परियोजना बुधबारदेखि कार्यान्वयनमा गएको छ । अबको पाँच वर्षमा एमसिसी र नेपालको सहकार्यमा परियोजना सम्पन्न गर्ने गरी कार्यान्वयनको पाटो अगाडि बढेको हो । नेपालको आर्थिक विकासलाई सघाउने एमसिसी नेपाल कम्प्याक्ट आयोजनाले सडक स्तरोन्नति तथा भरपर्दो विद्युत आपूर्तिमार्फत नेपाली जनतालाई लाभ पुऱ्याउने विश्वास गरिए पनि कार्यन्वयन पक्षमा भने शंका उत्पन्न गराएको छ । कार्यान्वयनको चरणदेखि नै नेपालमा राजनीतिक दलहरुबिच एक किसिमको विवाद सिर्जना भएको छ । ठूला दलहरुले एमसिसीलाई संसद्बाट अनुमोदित गरिसकेको स्थिति भएपनि सत्तारुढ दलहरुका कयौँ नेताहरु एमसिसीको विरोधमै खुलेर बोल्न थालेको अवस्थाले पूर्ण कार्यान्वयनको पक्षलाई विवादास्पदरुपमा मलजल गर्न पुगेको छ । एमसिसीको मुद्दाले यथासमयमै काम गर्न सक्ने पहिल्यै नै तय भैसकेको देखिए पनि साना दलका रुपमा रहेका केहीले अहिले पनि त्यसको विरोधमा आफ्नो ध्यान केन्द्रित गरिरहेका छन् । अहिलेको विद्यमान राजनीतिक विरोध र आक्रोशलाई हेर्दा त्यो निश्चित समयभित्र सकिनेमा आशङ्कामात्रै नभएर बीचमै हराउन सक्ने खतरा समेत रहेको छ । यसतर्फ राजनीतिक दल र सरकार सचेत हुन आवश्यक छ ।**

**अनुदान सहयोग पनि लिने र त्यसमा अनेक नौटंकी र बखेडा निकालेर नेपालको अन्तर्राष्ट्रिय छविलाई अविश्वसनीय बनाउनु हुँदैन । अन्तर्राष्ट्रिय मामिलामा सबै राजनीतिक दलको साझा धारणा हुनुपर्छ तर त्यसो नहुनु दुखद् हो । दलहरुले आफूले देश विकासका लागि लगानी योग्य पुँजी सिर्जना पनि नगर्ने र अरूबाट आएको सहयोगमा पनि अनेक बखेडा निकाल्दै खोक्रो राष्ट्रवादी देखाउनुले मुलुकको विकास हुन नसकेको हो । अन्तर्राष्ट्रिय सहयोग, अनुदान, ऋण र लगानी लिएरै देशको विकास हुन्छ भन्ने मात्रै होइन, आफैंले लगानी सिर्जना गरेरै आत्मनिर्भर हुने हो । जे भएपनि अहिले कार्यान्वयनमा रहेको एमसिसी परियोजना समयमै सकेर पूर्वधार निर्माणको उपलब्धीमा लाग्न जरुरी छ ।**

## Opinion @ Social Network

सोंचेको भन्दा धेरै फरक हुँदोरहेछ,
देखेको संसार र त्यो भन्दा फरक हुँदोरेछ जिन्दगी ।

*(सुस्मिता नेपालीको फेसबुक स्टाटस https://www.facebook.com/susmita.nepali)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दासप्रथा र सतीप्रथाको अन्त्य ?



**डा.शान्तिकृष्ण अधिकारी**

***नेपालका जनतालाई विभिन्न चरणका जनआन्दोलनहरू पछि रैतीबाट नागरिकमा परिवर्तन गरियो भन्न थालेपछि सतीप्रथा झनै मौलाएर गएको पाइन्छ । पतिको चितामा हामफाल्ने स्त्री वाला सती प्रथा त पूर्णरूपमा हटिसकेको छ भन्दा हुन्छ तर अहिले त कुनै न कुनै नेताका नाममा के पुरुष के स्त्री सबै नै सती जान कपडा फालेर दौडिएको देखिन्छ । आफूमात्रै होइन कि राजनीतिक दल र राजनीतिक दलका नेतासँगै आफ्ना छोराछोरीमात्रै होइन कि जन्मिँदै नजन्मिएका नाति नातिनाहरूलाई समेत चितामा होमिन बाध्य बनाएको अनुभूति हुन थालेको छ । मान्छेमा जति पढ्यो उति चेतनाका स्तर बढ्छ भनिन्छ । अचेतनलाई सचेत बनाउने एकमात्र अचूक उपाय भनेको शिक्षा हो भन्ने गरिन्छ । हुन पनि हो शिक्षाले नै मान्छेलाई पशुबाट भिन्न देखाउनका लागि सहयोगी भूमिका खेल्दछ । नेपालमा भनेजति बढी पढेको छ, ऊ उति नै बढी अचेतन हुँदै गएको हो कि भन्ने भान पर्दैछ । कतै नेपालमा पढाइने गरेको पाठ्यक्रममा नै पूर्णरूपमा परिमार्जनको आवश्यकता भएको त होइन भन्ने अनुवभ सर्वत्र गरिएको छ ।***

नेपालमा दासप्रथा र सतीप्रथाको उन्मूलन राणा प्रधानमन्त्री चन्द्र शमशेरले आजभन्दा सय वर्षअघि नै गरेका थिए । उनले यी दुई खराब प्रथाहरू हटाएको लामो समय बितिसकेको छ र पनि नेपालमा भने यी दुई प्रथाहरू झनै झ्यांगिँदै गएको अनुभव हुन्छ । चेतनाको बिउ नरोपिँदैका शासक आफैंले अनुभूति गरेर कानुनद्वारा नै बर्जित गरिएका प्रथाहरू नेपालमा जतिजति शिक्षाको स्तर बढ्दै गयो, उति नै कुप्रथाहरूले आफ्नो दायरा बढाउँदै गएको पाइन्छ । राणाकालमा राजधानीका जनता राणाका चाकरीमा जाने भन्ने सम्मको हर्कत हुन्थ्यो, अहिले त्यसमा विकृति थपिएर लाखौं नागरिकहरू आफूलाई दासका रूपमा रूपान्तरित गर्न अग्रसर देखिन्छन् ।

दास शब्दको अर्थ नेपाली बृहद् शब्दकोशमा पहिले पहिले मालिकका किनबेचका आधारमा आजीवन पराश्रयी भएर काममा जोतिने नोकर, कमारो भनी व्याख्या गरिएको छ । महिलालाई भने दासी भनिन्थ्यो । सतीको अर्थ अन्यका साथसाथै पतिको शवसँगै जलेर मर्ने स्त्री भनी सोही शब्दकोशमा भनिएको छ । प्राचीनकालको यो व्याख्यालाई चुनौती दिँदै वर्तमानमा बेग्लै प्रकारका दासदासीहरू र सतीहरू देखापरेका छन् । अहिलेका दासहरू पैसाको लेनदेनका आधारमा किनबेच हुने नभई आफैंले आफैंलाई दास घोषित गर्दै सेवामा उभिन पुग्दछन् । पुरुषकै सती जाने पुरुषहरू र महिलाको सती जाने महिलाहरू पनि व्यापक रूपमा देखिन थालेका छन् । दासदासी बन्नु, बनाउनु र सती जानु दुवै प्रथालाई चन्द्र शमशेरले मात्रै खराब मानेका थिएनन् । उनीभन्दा निकैअघिका शासकहरूले समेत दासदासी प्रथालाई अनुचित मानेर नेपालबाट हटाउने प्रयास गरेका तर सफल नभएका उदाहरण पाइन्छन् । जतिबेला जनताले आन्दोलन गरेका थिएनन्, जुनबेला शिक्षाको स्तर शून्यबाट माथि उठेकै थिएन, जतिबेला नेपालका मान्छेलाई आफ्नो अधिकार मागेर होइन, खोसेर लिनुपर्दछ भन्ने चेतना नै थिएन र पनि शासकहरू आफैंले महशुस गरी हटाउन खोजेको व्यवस्था अहिलेका सचेत भनिएका नागरिकहरूबाट फर्काउन जोडतोडका साथ प्रयास गरिएको छ ।

राजा रणबहादुर शाहले उहीबेला ब्राह्मण र राजपूतलाई दासदासी बनाउन नपाइने र अन्य जातिकालाई समेत राजीखुसीबाहेक दास बनाउन नपाइने उर्दी जारी गरेका थिए । भीमसेन थापाले समेत यसमा अझ बढी सुधार ल्याउने प्रयास गरेका थिए । जातजातिका बीचमा विभेद भएको अवस्थामा त त्यस्तो व्यवस्था गरिएको थियो भने अहिले जातिविभेद उन्मूलनको आन्दोलन छेडिएको अवस्थामा त दासदासी रहने कल्पना गर्नसमेत सकिँदैन । विडम्बना के देखिँदैछ भने अहिलेका समयमा त्यो पुरानो अवस्थामा व्यापक विकृति भित्र्याउँदै यो जाति त्यो जाति होइन कि सबै नै आफूलाई कसै न कसैको अब्बल दास भएको देखाउन मरिमेटेर लागेको पाइन्छ । जंगबहादुर राणाले मुलुकी ऐन ल्याई त्यसमा दासदासी बेचबिखन गर्नेलाई जरिवाना लगाउने व्यवस्था गरेका थिए । सती प्रथा हटाउनेसमेत प्रयत्न गरे तर उनकै रानीहरू उनीसँगै सती गएका थिए । उनीपछिका प्रधानमन्त्री देव शमशेरले पनि दास उन्मूलन गर्न खोजे तर सकेनन् । अहिले दासदासी खरिद बिक्रीका सन्दर्भमा त्यति चर्चा गरिएको पाइँदैन किनकि स्वतन्त्र भनिएको नागरिक आफैं नै नि:शुल्क रूपमा अरू कसैको दास बन्न दौडादौड गरिरहेका छन् । मालिकले दास मानेको छ कि छैन तर मान्छे आफूलाई अधिकारसम्पन्न नागरिक भन्नभन्दा कुनै न कुनै नेताको दास हुँ भन्दा नै गर्व गर्न थालेको छ । पहिले पहिले पतिव्रता स्त्रीमात्रै पतिको मृत्युपछि पतिको शवसँग मात्रै सती जाने गर्दथे । नेपालका जनतालाई विभिन्न चरणका जनआन्दोलनहरू पछि रैतीबाट नागरिकमा परिवर्तन गरियो भन्न थालेपछि सतीप्रथा झनै मौलाएर गएको पाइन्छ । पतिको चितामा हामफाल्ने स्त्री वाला सती प्रथा त पूर्णरूपमा हटिसकेको छ भन्दा हुन्छ तर अहिले त कुनै न कुनै नेताका नाममा के पुरुष के स्त्री सबै नै सती जान कपडा फालेर दौडिएको देखिन्छ । आफूमात्रै होइन कि राजनीतिक दल र राजनीतिक दलका नेतासँगै आफ्ना छोराछोरीमात्रै होइन कि जन्मिँदै नजन्मिएका नाति नातिनाहरूलाई समेत चितामा होमिन बाध्य बनाएको अनुभूति हुन थालेको छ । मान्छेमा जति पढ्यो उति चेतनाका स्तर बढ्छ भनिन्छ । अचेतनलाई सचेत बनाउने एकमात्र अचूक उपाय भनेको शिक्षा हो भन्ने गरिन्छ । हुन पनि हो शिक्षाले नै मान्छेलाई पशुबाट भिन्न देखाउनका लागि सहयोगी भूमिका खेल्दछ । नेपालमा भनेजति बढी पढेको छ, ऊ उति नै बढी अचेतन हुँदै गएको हो कि भन्ने भान पर्दैछ । कतै नेपालमा पढाइने गरेको पाठ्यक्रममा नै पूर्णरूपमा परिमार्जनको आवश्यकता भएको त होइन भन्ने अनुवभ सर्वत्र गरिएको छ । कतै गलत शिक्षा दिई राखिएको त छैन भन्ने प्रश्न उठ्न थालेको छ । नत्रभने बढीभन्दा बढी पढेको मान्छे सानोभन्दा सानो दास हुन यत्रतत्र भौँतारिई रहेको देखिन्छ । चन्द्र शमशेरले दासदासी र सती प्रथा उन्मूलन गरेको भए तापनि कमारो, कम्लरी, कमैया, हलिया आदिका नाममा दुई दशकअघिसम्म पनि नेपालमा स्वरूप परिवर्तन गरेर दासदासीको प्रथालाई निरन्तरता दिई नै राखिएको थियो । विशेषगरी नेपालका तराईका भू-भागहरूमा यसले स्थान जमाई राखेको थियो । नेपालमा प्रजातन्त्र आएपछि बाध्य भएर बसेका त्यस्ता कमैया र हलियाहरूलाई त मुक्त गरियो तर अहिले स्वेच्छाले कमैया भने पनि हलिया भने पनि या दास भने पनि शब्द जेसुकै होस्, त्यही प्रकृतिको सेवक बन्न चाहने नेपालका शिक्षितले आफूलाई त डुबाउँदै गएका छन् नै साथसाथै मुलुकलाई नै ध्वस्त पार्दै लगेका छन् । निजामती सेवामा सचिव भएको मान्छे भोलिको नियुक्तिको आशाले मन्त्री प्रधानमन्त्रीहरूको दासमा आफूलाई परिणत गर्न तल्लीन हुने गरेका छन् । उसलाई सेवाक्षेत्रमा एक प्रकारको कार्य जिम्मेवारी दिएर पठाइएको हुन्छ तर त्यो जिम्मेवारीलाई कार्यालयको दराजमै थन्काएर आफ्नो पदोन्नतिलाई एकमात्र लक्ष्यमात्र बनाई माथिल्लाको दासमा परिणत गर्नमै गर्व गर्ने होडबाजी सचिवहरूका बीचमा चलेको प्रत्यक्षै छ । अलि बढी स्वतन्त्र मानिएको प्राध्यापन पेशाका मान्छेहरू यस्ता विषयमा खरो उत्रन पर्नेमा यो वर्गमा पनि यति विकृति झाँगिएको छ कि भनी साध्ये छैन । नागरिकलाई उनीहरूका अधिकारका बारेमा पढाएर स्वतन्त्र मुलुक र अधिकार सम्पन्न नागरिक बनाउने जिम्मेवारी बोकेका थुप्रै प्राध्यापकहरू समेत दास भएको घोषणा गर्नमै गर्व गर्न थालेका छन् । कुनै विश्वविद्यालयका पदाधिकारीहरूले नियमविपरीतका कार्य गर्दा त्यसमा कसैले औँलो ठड्यायो भने औँलो ठड्याउनेका विरुद्ध उभिनु प्राध्यापकलाई किमार्थ सुहाउँदैन तर विश्वविद्यालयका पदाधिकारीको नजिकको दास भएको प्रदर्शन गर्न रमाउनेहरू अधिकारका लडाइँमा लाग्नेका विरुद्ध खनिने गरेको पनि पाइन्छ । आम जनता कुनै न कुनै राजनीतिक दलको सदस्य हुनुलाई चेतना बढेको मान्न सकिएला तर त्यो दलले गरेका सबैखाले कुकर्महरूलाई पनि सुकर्म देख्न थालियो भने नागरिक चेतनशील भएको मान्न सकिन्न । म फलानो भन्न भन्दा म फलानो नेताको नजिकको कार्यकर्ता भन्नमा गर्व महशुस गर्नेहरूको संख्या बढ्दै जाँदा नेपालमा दासप्रथा झनै बढेको छ । विषय र सन्दर्भ हेरेर कहिले को ठीक र कहिले को बेठीक भन्नुपर्नेमा मेरो नेताले जे गरे पनि कस्तो मीठो बास्ना आएको भन्नेहरू सुनि ढिला भइसकेको छ । अब नेताको, हाकिमको वा बोलवालको दास हुन होइन कि स्वतन्त्र एवं अधिकार सम्पन्न नागरिक हुन प्रयत्न गर्नेहरूको जमात मुलुकले खोजिरहेको छ ।

अब फेरि चन्द्र शमशेर खोजेर ल्याएर कडिकडाउका साथ दास प्रथा उन्मूलन गर्न अनुरोध गर्ने होइन कि हामी आफैं सुध्रिएर स्वतन्त्र हुने प्रयास गर्ने हो । राजनीतिक दलको केन्द्रीय सदस्य भएको मान्छे पदाधिकारी हुन सभापतिको चाकरीमै रमाउने प्रवृत्तिको अन्त्य नेपालले खोजेको छ । सांसद् भएको मान्छे मन्त्री हुने चक्करमा आफूलाई जनताको नेता हूँ भन्ने बिर्सेर पार्टीको नेतृत्वको वरिपरि घुमिरहँदा लाज नै लजाएर भाग्न थालेको छ । मन्त्री भएको मान्छे बारम्बार कुर्सी पाउने आशाले नेतृत्वका विकृतिका विरुद्ध बोल्न नसक्दा जनतामा नैराश्य बढ्दै गएको छ ।कुनै दलका नेताका पति पत्नी दुवैलाई परिक्रमा गरिरहनु पर्ने, कुनै दलमा तीस वर्षदेखि एउटै नेतृत्व रहने, कुनै दलका कार्यक्रममा पार्टीका अध्यक्षको मात्रै तस्वीर राखेर भगवान्सरह मानी पूजा गर्नुपर्ने तर कोही कतै बोल्न नसक्ने भनेको के प्रवृत्ति हो ? यति लामो लेख लेखेपछि फेरि केही भन्न नपर्ला । यसैगरी नेपाल अघिबढिरहने हो भने उज्ज्वल भविष्यको परिकल्पना कसैले पनि नगरे हुन्छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्यको थालनी हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । | **तुला** : लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । |
| **वृष** : समाज सेवा गरे लोकमा प्रसिद्ध भइनेछ । स्वास्थ्यमा सुधार आउला । | **वृश्चिक** : स्वास्थ्यमा सुधार आउनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । |
| **मिथुन** : शेयर बजार अथवा पुँजी बजार को लगानीले राम्रो लाभ दिनेछ । | **धनु** : एक अर्कासँग केही न केही आशा गरिरहनु हुनेछ । |
| **कर्कट** : चलाखीपूर्ण बोलीले गरेको कार्य सिद्ध हुनेछ । बाहन सुख पनि मिल्नेछ । | **मकर** : प्रेममा मनमुटाव आउन सक्छ, तर सफल यात्राको योग छ । |
| **सिंह** : जोश जाँगर र हिम्मत बढ्नेछ । अरुको मन जित्न पनि सकिनेछ । | **कुम्भ** : तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको राम्रो दिन छ । |
| **कन्या** : निर्णय कार्यान्वयन हुन सक्दैनन् । आफ्नो विचार विपरित निर्णय हुनेछ । | **मीन** : आँटेको र ताकेको कार्य पुरा होला । पारिवारिक सद्भाव बढ्नेछ । |

# साहित्य दर्पण

कथा — मनिश कुमार शर्मा

## धर्म नछाड्नु है

'बाबु आफ्नो धर्म नछाड्नु है' मृत्यु श्यैयामा रहेको उनका बाले बोलेको अन्तिम शब्द ...। साँच्चै सापकोटा बाले तन, मन, वचन र कर्मले अहिले सम्म धर्म छाडेका छैनन् । समाजको मुल्य मान्यतामा उनी कहलिएका पण्डित । धर्मशास्त्र, रीतिरवाज, धर्मकर्ममा पारङ्गत अझ धुरन्धर पुराणवाचक । पुराण पाठ गर्न त टाढा टाढाबाट बोलावट हुन्थ्यो उनलाई । पुस्तैनी सम्पत्तिले घर परिवार खानदानी थियो । लोभ लालच थिएन । दानदक्षिणा दिन माहिर थिए । गाउँघर छरछिमेकमा आपत विपत्तमा सधैं अगाडि हुन्थे । त्यही भएर छरछिमेक, गाउँले उनी प्रति नतमस्तक हुन्थे । प्रत्येक मानिसमा एउटा न एउटा अवगुण हुन्छ भने झैं उनलाई पनि आडम्बरी आवरणले थिचेको थियो ।

पुरातनवादी र परंपरावादीका नाममा थिचिएर छोइछिटो तथा जातीय विभेदलाई पुर्ख्यौली पहिचानको रूपमा स्विकार गर्दै आएका थिए । सापकोटा बा, उमेरले छ दशक छोएको । परिवारमा श्रीमती, एक छोरा एक छोरी । परिवार प्रति उत्तरदायित्वबोध । छोराछोरीलाई समान शिक्षा दिएका थिए । संस्कारि शिक्षामा आफ्नो आडम्वरलाई लादि हाल्थे । तर उनको संस्कारि पाठलाई छोरीले आत्मसात् गर्न सकिनन् । छोरीको छेत्रीय जातको युवकसँगको बहिर्गमनले उनका घर आगन चारदिवार जुठो पारेको थियो । धेरै समय सम्म उनी हीनता, छटपटी वा पीडाले घेरिएका थिए । छोरीको पुनरागमनको ढोका सदालाई बन्द गरिदिएका थिए । छोरालाई उच्च शिक्षाको लागि बनारस पठाएका थिए । उनलाई छोरा प्रति पूर्ण विश्वास थियो । छरछिमेकमा छोराको गुणगान खुब गाउँथे । आफ्नो पुर्खौली पेशाको अनुकरण गर्ने कुरामा उनी ढुक्क थिए । श्रीमतीको त झन के कुरा, पतिव्रता नारीको ज्वलन्त उदाहरण । पतिदेवको कुनै पनि कुराको प्रतिवाद गर्दिन थिईन् । उनि पनि असाध्धै माया गर्थे । पत्नीलाई कहिल्यै पनि हेयको दृष्टिकोणले कहिले पनि हेरेनन् । छोरीसँगको बिछोड पछि निकै गल्दै गएकी थिईन् । सायद त्यहि वियोगमा शरीरमा एक पटक हृदयघात भयो । त्यस पश्चात उनी सधैं साथ हुन्थे । कतै जादा पनि प्राय साथै हुन्थिन् । असारको महिना खेतिपातीको चटारो । सापकोटा बा बेंशी तिरको खेतको चाँजोपाँजो मिलाएर घर फर्कंदै थिए । बाटोमा पल्ले गाउँको काँईलो मुखिया भेट भए । काँईलो मुखिया.... जसलाई भरअबरमा सापकोटा बाले ठुलो गुण लगाएका थिए । 'ओहो ! काँईला कता बाट आज एता तिर ?' 'ए बाजे ढोग गरें है । यसो माथि सानकान्छाकाँ । भोलि खेतला लगाउनु छ । सहयोग गर्छ कि भनेर । अनि बाजे कता पुगेर आउनु भएको ?' पसिना पुछ्दै काँईलो मुखियाले भने । 'म पनि तल बेंशी सम्म । अनि घर तिर सब ठिक छन् हैन त ?' 'सबै वेस छन बाजे तर...' बोल्दा बोल्दै मुखिया टक्क अडियो । भनु कि न भनु जस्तो गरि पक्क परेर हेऱ्यो । 'के तर भन् न मुखिया पैसोसैसो को अखट्टै छ भने भन् ।' 'त्यस्तो केही छैन बाजे । मैले त बाजेको छोराको पो के के जाति गाईगुई सुनेको छु ।' 'हैन के भन्छ यो ? प्रष्ट भन् न के भो छोरोलाई ।' अलि आत्तिएको स्वरमा सोध्छन् । 'खै बाजे मैले त सुनेको कुरा । विश्वास त छैन । तर हाम्रा गाउँ तिर निकै हल्ला छ तपाईको छोरो पढ्न छाडेर खै को केटीसँग बसेको छ रे' मुखियाको कुरा सुनेर सापकोटा बाको अनुहार निचोरेको कागति जस्तो देखिन थाल्यो । 'सुनेको कुरा हो नहुन पनि सक्छ । तैपनि छोरा मोराको भर हुन्न भन्छन् । विचार गर्नु है बाजे ।' यति भन्दै मुखियाले आफ्नो बाटो ततायो । सापकोटा बालाई भाउन्न भयो । उनको मनमा काँईलो मुखियाले भनेका शब्द अक्षरस घुमिरहे । मन उकुसमुकुस भयो । तर्कना सिवाय दिमाग शुन्यप्राय थियो । भौंतारिदै कति खेर घर पुगे पत्तै भएन । घर पुगेर सरासर खाटमा गएर उत्तानो परे । सधैं बाहिरबाट घर छिर्दा हातखुट्टा नधोई नछिर्ने बुढालाई देखेर श्रीमती अचम्भित थिइन् । 'किन सन्चो भएन कि के हो ?' चियाको गिलास खाट नजिकैको टेबुलमा राख्दै उनी बुढाको निधार छाम्न थाल्छिन् । 'हँ केहि भएको छैन ।' शून्यबोध बाट झस्कदै उनले जवाफ दिए । 'आज अलिधेरै दौडधुप भएछ साह्रै थकाई लागेछ । 'झुटो मुस्कान छर्दै उनले भने । 'अनि तैंले औषधी खाईस त ?' कुरा अन्तै मोड्न चाहे । 'खाएँ । कत्ति खानु त्यो पनि ।' एकोहोरो बुढा तिर हेर्दै बोलिन् । लाग्थ्यो बुढाले उनलाई कुरा लुकाइरहेका छन । 'ल म गएँ भान्छा तिर । तपाई आराम गर्नुस् ।' 'बुढी हप्ता दस दिनको लागि म बाहिर जादै छु । मेरो लत्ताकपडा ठिक पारिदे है ।' बेलुका खानाको गाँसहाल्दै अचानक बुढाले भनेको कुरा सुनेर बुढी चकित थिइन् । 'हैन के भयो आज बुढालाई घर आए देखि न्याउरो छन । फेरि भोलि नै हिड्ने भन्छन् । पहिला पहिला त कतै जानु पर्दा दुईचार दिन अघि नै जानउ दिन्थे । के भयो भनेर सोध्दा पनि के जवाफ दिदैनन् । खै...' एकोहोरो सोच्न थालिन् । श्रीमती एकोहोरिएको देखेर बुढाले कुरा थप्दै गए  यो पटक अलि अपर्झट भयो । केही चिन्ता लिनु पर्दैन तल्ला घरकी कान्छीलाई साथी बोलाउनु । भरसक म चाडैं फर्कन्छु । भोलिपल्ट तल्ला घरकी कान्छीलाई बुढीले खाने औषधी र अन्य काम कुरा बताएर बुढा लागे बनारस तिर । बनारसको सम्पूर्णानन्द संस्कृत विश्विद्यालय, जहाँ उनको छोरो अध्यनरत थियो । त्यहाँ गएर छोराको खोजिनिती गरे तर उस को अत्तोपत्तो थिएन । छोरोसगैं पढ्ने छात्रावासको एक नेपाली सहपाठीलाई सोधे । 'खै बुबा के भन्नु ? के भएर मति बिग्रेको हो ? अहिले त दार्जिलिङ् तिरको गुरुङ्नीको कोठामा बसेको छ । कति सम्झाए सकिन ।' बुढा छांगा बाट खसे झैं भए । मन भत्रुभति पोलेर आयो । हतास मुद्रामा भने 'अहिले कहाँ बसेको छ त ?' 'हिड्नुस म कोठा देखाइ दिन्छु ।' उनीहरू त्यहाँ पुग्दा झण्डै रात छिप्पिन लागेको थियो । 'ल बुवा उ त्यहि हो घर । त्यसको दोस्रो फ्ल्याटमा बस्छन उनीहरू । म चाहिँ बिदा हुन्छु एतै बाट ।' यति भन्दै उ लस्किहाल्यो । सायद कुनै पनि विवादमा पर्न चाहदैनथ्यो । भारी र त्रसिद मनले सापकोटा बा ढोका ढ्कढकाउछन् । ढोका खुले पछि आएको चुरोट र रक्सीको मिश्रित गन्धले बा को दिमाग खलबलिन्छ । नाक मुक एकैचोटी बिगार्छन । ढोका खोल्ने उनकै छोरा थियो । हातमा चुरोट र मदिरा सहितको सिसाको गिलास । सामुन्ने बाको अकस्मातको उपस्थितिले छोराको हातबाट एकाएक मदिराको गिलास भुईमा झरेर चकनाचुर भयो । उसको लागि बाको उपस्थिति अप्रत्यासित थियो । अकल्पनिय, अविश्वसनीय थियो । 'बुवा...' त्यो भन्दा बढि शब्द केही पनि बोल्न सकेन । 'के भयो प्यारा ?' पछाडिबाट एक नारी ध्वनि आयो । सापकोटा बा ती नारीलाई निहार्छन् । शरीरमा लेसमात्रको पहिरन । सापकोटा बाको भाउन्न छुट्यो । मन मात्र हैन तन पनि त्यहाँ एकछिन टिकिरहन सकेन । फरक्क फर्के । मनको कुनै कुनामा सुषुप्त रहेको बिगतको पीडामा फेरि आगोको लप्कोले भेटेको थियो । सुमधुर सपनामा कुठारापात भईसकेको थियो । चिनजान, मित्र, आफन्तरूको झुण्ड, बन्धुत्वले हेपाई, गाली, तिरस्कार, खिसिट्युरी गरेको आँखामा झल्झलि नाच्न थाल्यो । मनको वायुमण्डलमा कालो कालो धुवाँ आकाशिन थाल्यो । हीनता, छटपटी र पीडाले घेरिए । अब बाँच्नुले के अर्थ राख्यो र ? सबै सँग तिरस्कृत हुनु भन्दा त यतै देह त्याग गर्ने विकृत सोच पलाउन थाल्यो । सिधै गंगाको तीर तर्फ लागे । गंगा नदी हिन्दु धर्मको प्राण । महाशक्ती धार्मिक मान्यता अनुसार अधर्मीको पनि पाप पखाल्ने । त्यहीं गएर आफ्नो पाप पखाली इहलिला समाप्त विचार गरे । नदीको किनारामा पुगेर भक्कानिएर रोए । अब यो घृणालाई अब अवसरमा परिणत गर्नेछु । आउने जुनसुकै परिवेशलाई पनि आत्मशात गर्नेछु । एक मार्गबोधी भएर प्रस्तुत हुनेछु । धरमरिएको, कमजोर भईसकेको आत्मालाई आत्मविश्वासले दृढ बनाए । अन्तरआत्माले गंगा नदीलाई प्रणाम गरे । सेतो छालाभित्रको कालो मन, कालो सोचलाई गंगामा तिलान्जलि दिएर रेल्वे स्टेसन तिर लागे । ढोका ढकढकाए । साथी आएकी कान्छीले ढोका खोली । 'ए बा पो आउनु भएछ । ढोग गरे बा ।' कान्छीले सापकोटा दम्पतीलाई सधैं बा आमा भनेर नै सम्बोधन गर्थी । 'तँ सुतेकी छैनस ?' आशिष दिने भावमा हात कान्छीको शिरमा राख्दै बा ले सोधे । 'पढ्दै थिएँ अब सुत्ने' 'अनि आमा खै त ?' 'माथि सुत्नु भएको छ ।' 'ल सुत नानी तँ पनि । रात धेरै छिप्पिसक्यो बा माथि उक्लदै भने । माथि कोठामा पुगेर एकटकले श्रीमतीलाई हेरे । 'कति खेर आउनु भयो तँपाई ?' आश्चर्य भावमा बुढालाई हेरिन् । 'भर्खरै हो' कपडा फेरेर सुत्ने तरखर गर्दै भने 'ल सुत तँ पनि भोलि बिहान कुरा गरौंला' बुढीले बिहानको नित्यकर्म सकिसकेकी थिईन् । बुढा अझै उठेका थिएनन् । 'ए सानीको बा अब उठ्ने हैन ?' बुढालाई झकझकाईन् । 'ओहो ! कस्तो निदाइएछ ।' बुढा आँखा मिच्दै थिए । यस्तो लाग्थ्यो निद्रा अझ पुगेको छैन । घडी हेरे आठ बजिसकेछ । हत्त न पत्त उठे । पूजाकोठाको एक भित्तामा रहेको बाको ठुलो फोटो फ्रेममा नतमस्तक भए र मनमनै गुनगुनाए म मानविय धर्म कहिल्यै छाड्ने छैन बा...' त्यतिन्जेल सम्म बुढीले चिया लिएर आईसकेकी थिईन् । 'बुढी एउटा कुरा भनु है ? विश्मित आँखाले बुढा तिर पुलुक्क हेर्छिन् । 'यसपालि छोरीलाई तीजमा बोला है । बुढाका यी शब्दहरु अप्रत्यासित र अकल्पनिय थियो उनलाई । केही बोलिनन् । स्विकृतिको अभिव्यक्ति आँसुको अश्रुधाराले दिईन् । बुढालाई च्याप्प अंगालो हालेर धेरै बेर सम्म रोइरहिन् ।

**-समकालीन साहित्य डटकम**

हाँस्यव्यङ्ग्य — गणेशप्रसाद लाठ

## परलोकवासी पिता मनुष्यलालको पत्र



*प्रिय छोरा,*

म यता परलोकमा आरामपूर्वक छु, मेरो बारेमा कुनै चिन्ता-फिक्री नलिएस् । म यता आएको झण्डै एक वर्ष बितेछ, समय कसरी बित्यो ? भेउ नै पाइएन । यताको म्याद पनि सक्किने बेला भएको छ । यसपछि कुन्नि कता जाने हो ? खैर, यता जग्गासग्गा किन्ने, घर ठड्याउने चलन नै छैन । परलोकमा प्रवेश गर्दैगर्दा नै हरेकलाई उसको कर्मअनुसार प्लट उपलब्ध गराइन्छ । यता तिर्खा अथवा भोक पनि लाग्दैन, त्यही भएर खानेपिउने कामै रहेन । हाडमांसको त्यो बाक्लो आवरण त त्यही इहलोकमा छुटेको हुन्छ, त्यही भएर होला, यहाँ लुगा लाउने बानी रहेनछ । रुपैयाँ पैसाको चलन त पिटिक्कै छैन यहाँ । केही किन्ने काम परे पो ! अनि सुनचाँदीजस्ता देखिने धातु त बाटोभरि ओछ्याइका हुन्छन् । सुरू सुरूमा बाटो हिँड्दा कुल्चिन अप्ठेरो लाग्थ्यो । अब त बानी परिसकेको छ ।

खैर, तिम्री आमालाई सञ्चो त छ नि ! ऊ पनि दमको रोगी, त्यो मृत्युलोकमा कुन्नि कति दिन बस्नु पर्ने हो त्यो बिचरीलाई अझै ! इहीलोकबाट यता आउने चिर-परिचितहरूसित तिमीहरूबारे सोधखोज गरिराख्छु । यतातिरको अध्यागमन विभाग तिम्ले कल्पना नै गर्न नसक्ने गरी विशाल र सुव्यवस्थित रैछ नि । दिनका दिन लाखौँ मान्छे आउँछन् । आगन्तुकहरूको देशअनुसार अध्यागमन विभागमन फाँट छुट्याइएका छन् । त्यहाँ सपैभन्दा अन्तिममा नेपालको लागि पनि एउटा फाँट छुट्याएको छ । नेपालको भूमिमा जोसुकैले प्राण त्यागोस्, उसको अध्यागमनको काम त्यही नेपाली फाँटले हेर्ने गर्छ । नेपालकै छेउमा पाकिस्तान, भारत, चीन, बङ्गलादेश जस्ता छिमेकी मुलुकका फाँटहरू राखिएका छन् । आफूले चिनेको कोही मान्छे आइपुग्या छ कि भनेर मनमनै आस गर्दै म उता ठिम ठिम गर्दै दिनहुँ पुगिराख्छु ।

नेपाली फाँटकी प्रमुख हाकिम्नी जापानको सिमान्तो नगरबाट आएकी हुन् । एकदम दुब्ली, ज्यानमा हाड र छालाबाहेक केही बाँकी छैन । रिसाहा पनि उतिकै । तर मलाई असाध्यै माया गर्छिन् । नेपाली चुटकिलाहरू सुनाइरहन्छु । उता केही महिनाअगाडि पोखरामा प्लेन दुर्घटना हुँदा बाफ रे, यताको नेपाली फाँटमा हल्लीखल्ली नै भएको थियो । त्यो दिनमा नेपाली फाँटकी त्यही हाकिम्नीले त रिसाएर उधम मचाएकी थिइन् । आगन्तुकहरुलाई तथानाम गाली गर्दै थिइन्, "यता परलोकमा गोडा राख्ने ठाँउ छैन, उता नेपालीहरुलाई परलोकमै घरजम गर्नु पर्ने ?" उसलाई पनि के दोष दिनु ? ऊ आफू एक सय दस वर्ष सिमान्तोमा बिताएर आएकी थिइन्, उसले अरू जापानीहरूलाई पनि उमेरको हदम्याद पुगेपछि मात्र इहलोक त्यागेको हेरेकी थिइन् । उनलाई के थाहा ? नेपालको भूगोल र नेपालीको कथा । यता परलोकमा नेपालीहरूको अपत्यारिलो संख्यामा आगमन देखेर केही दिनअगाडि मात्र एक जाच आयोग गठन गरिएको छ । संयोगले आयोग प्रमुख छिमेकी राष्ट्र, भारतका पूर्व प्रधानमन्त्री रहेछन् । मलाई चिन्दा रहेछन् । एक दिन उनी पनि आफ्नो पूर्वाग्रह वमन गर्दै थिए, "सशस्त्र द्वन्द्वको बहाना झिकेर बथानका बथान यता आउने तिमीहरू नै । भुईचालो देखाउँदै झुण्डका झुण्ड यता सरणार्थी भएर आउने तिमीहरू नै । घरी, खाडी मुलुकको काम र तापले च्यापिएर यता आउनु पर्यो, भन्ने पनि तिमीहरू नै । घरी सिटामोलको बहाना, घरी झाडापखालाको बहाना, घरी बाढीपहिरोको बहाना ।" "रहर लागेर आएका हौ र ?" दुईचार कडा-कडा जवाफ फर्काउने झोंक त मलाई पनि चलेको थियो । तर पावरफुल हाकिमसित मुख लाग्नु हुदैन भनेर मलाई चेत थियो । चुप नै रहे । तर उनी चुप लागेनन् । क्रान्तिकारी नेता जस्तै झनझनै विषवपन गरिरहे, "मलाई सबै थाहा छ, तिम्हरू गुड्दै गरेको गाडीलाई अनाहकमै खाल्टोमा लैजाने गर्छौ । म खुबै बुझेको छु तिमीहरूको चर्तिकला, आकाशको प्लेनलाई जानाजानी भुईमा घोप्ट्याउँने गरेका छौ । अब त पासो लगाउने नयाँ जुक्ति पनि निकाल्यौ । पहिला बैंकबाट अनापसनाप कर्जा झिक्ने, जथाभावी लगानी गर्ने, अनि भुक्तान गर्न सकिएन भनेर पासो लगाउने ? संसारभरिका महङ्गा गाडी चढ्ने शौक तिम्हरूलाई नै । कर्जा काढेर भए पनि ककटेल पार्टी गर्ने रहर तिम्हरूलाई नै । इज इट फेयर ?" सहन नसकेपछि म त्यहाँबाट उठेर हिडे । "जिवनभरी राजनिति गर्दै आएको मान्छेलाई के थाहा, गरि खानेहरूको पीडा । मुला इण्डियन ।" मनमनै बरबराए । इन्डियालाई गालि गरेपछि मनमा आज पनि गज्जबको तृप्ति हुँदो रैछ ।

अस्ति नै हाम्रा पुराना छिमेकी विसुनजीको छोरो त्रिपुरारीसित परलोकको अध्यागमन विभागमा जम्काभेट भएको थियो । उदास थियो विचरो । "खाईलाग्दो भरभराउँदौ जवानीमा हर्ट अटैक कसरी आयो ?" भनेर सोधे । "एकातिर आफुउपर कर्जाको भार थेग्नै नसक्ने गरी बढेको थियो, आर्कोतिर सरकारलाई राजस्व बुझाउनु पर्ने । कुन्नि कानुन पालनामा कसरी गलती भयो ? जानाजानी गरेको थिएन । करोडौ कर तिरिसकेको कसैले सम्झेन, लाख रूपैया बेइमानी गरे भनेर अखबारमा ठूलै समाचार बन्यो । सरकार पनि के कम, थेग्नै नसक्ने गरी कर, जुर्माना र ब्याज निर्धारण गरेर चिठ्ठी पठायो । केही महिना जेलको हवा खाए । जग्गा बेच्न खोजे, आधी भाउमा पनि ग्राहक भेटिन । मन्दीको मारमा कारोबार पनि आधीमा झरेको थियो । बजारको बाँकिबक्यौता पनि जसका तस थियो । दिनरात चिन्तामा रहन्थे । एक दिन छाती दुख्यो, रिङ्गटा लाग्यो । भुईमा ढले, त्यसपछि उठ्नै सकिन ।" रून्चे मुख बनाउँदै उसले फर्कायो । अनि छोरा, एउटा घतलाग्दो कुरो भन्न नै छुटाएँ । इहलोकवासीले कल्पना गरेअनुसार यहाँ स्वर्ग विभाग अथवा नर्क विभाग भनेर क्यै छुट्याइएको छैन । मान्छेको पछिल्लो कर्मअनुसार उसको चित्तमा दु:ख अथवा सुखका तरङ्गहरू सम्प्रेषित गरिन्छ । अत्यधिक खराब कर्म गरेकाहरू यहाँ जतिसुकै सुखसुविधामा रहे पनि दुखी नै रहन्छन् । उसको चित्तले उसको खराब आचरणको कथा उसलाई सम्झाइ रहन्छ । आफ्ना इहीलोकका कर्महरू सम्झेर ऊ दिनहु ग्लानीको आगोमा जलिरहन्छ । म पनि यहाँ आउँदा सुरूसुरूमा निकै दुखी रहन्थे । आफ्नो भागको फल भोग्दै जाँदा बिस्तारै दुखका भाव घट्दै गएका छन् । दिनको बेलामा त ठीक हुन्छु, राती परेपछि मानसमा पुराना कुराहरू तरोताज हुन थाल्छन् । अनि चित्तमा पछुतो र ग्लानीभावले शिर उठाउन थाल्छ । यहाँ दिन र रातको अवधि पनि १५-१५ दिनको रहेछ नि । क्यार्नु, जे गर्या छु, त्यो भोग्नै पर्छ । छोरा, तिम्ले एउटो कुरो जानै पर्ने भयो । परलोकबाट पृथ्वी फुलबलभन्दा पनि सानो देखिन्छ नि । मैंले एक दिन एक जना बडेमान हाकिमलाई फकाएर एकदमै शक्तिशाली दुरबीन उधारोमा पाएको थिए । दुरबीन लगाएर सो फुटबलमा हाम्रो देश खोज्ने प्रयास गरे । एउटा झिनो रेखा मात्र हेर्न भ्याए । त्यो झिनो रेखाभित्र हाम्रो गाँउ, हाम्रो घर र तिम्हरूलाई हेर्न भ्याउने कुरै भएन । अचेल यसो गम्ने गर्छु, "तिम्रा साना काकासित जग्गाको भागबन्डाको लागि गरेको झगडा अनाहकमै गरेको रहेछु । भोलि नै गएर "बुवाले क्षमायाचना पठाएका छन्," मेरो भाइलाई मेरो सन्देश दिनु । उनले खोजेको सम्पति उनलाई जिम्मा लगाउनु । तिम्ले पनि काकापट्टिका भाइबहिनाहरूसित मेलमिलाप गर्नु । सबै जना मिलेर बस्नु । अनि, तिम्लाई रामेश्वरजी याद छन् ? उनको पाँच लाख पचाए भनेर उनले मउपर आरोप लगाएका थिए । पछि पञ्चायतीमा उनी नै झुठो सावित भएका थिए । असलमा उनी सत्य थिए । म नै झुठो थिए । यहाँ आएपछि एक दिन रामेश्वरजीसित भेट भयो । उनी मुसुक्क हाँसे । केही बोलेनन् । म नै उनका आँखासित आँखा मिलाउन सकिन । सकिन्छौ भने उनको परिवारलाई त्यो पाँच लाख ब्याजसहित फिर्ता गर्नु । सक्दैनौं भने उनको परिवारलाई कुनै अन्य प्रकारले सहयोग गर्नु । अनि जुगेश्वर काका याद छन् नि ? उनी कोरोनामा परेर मरेका थिए । उनी पनि एक दिन भेट भएका थिए । मलाई राम्ररी सम्झना छ, ...उनकी श्रीमती हाम्रो ढोकामा अक्सीजन सिलेन्डर माग्न आएकी थिइन् । सिलेन्डर दिनु त परै जाओस्, हामीहरू अगाडि आउन पनि मानेनौं । असलमा त्यो पनि एक किसिमको पाप थियो ।

छोरा, म धर्मकर्ममा जीवन समर्पण गरेको मान्छे । तिम्लाई थाहा भएकै कुरो हो । श्रीमद्भगवद्गीताका अठारह अध्याय त मलाई कण्ठै थिए । अनि पूजाअनुष्ठानमा मेरो श्रद्धा कस्तो थियो, तिम्लाई भनिराख्नु नै परेन । यहाँ आएपछि मैंले फरक कुरो थाहा पाए, "धर्मकर्ममा त बडो सरल कुरो रैछ । आफ्नो होस् अथवा अन्य कसैको, चित्तलाई पीडा हुने काम कहिल्यै नगर्नु । भूलबस कसैको चित्त दुखाएको छौ भन्ने तु गएर इमान्दारीपुर्वक क्षमायाचना गर्नु । कोही तिम्रो ढोकामा क्षमादानको याचना गर्दै आएको छ भने उसलाई तु क्षमादान दिनु । कसैको सदासयता अथवा सहयोगले तिम्रो चित्तको पीडा घटेको अथवा खुशी बढेको छ भने पनि तु गएर सच्चा मनले आभार प्रकट गर्नु । तिम्रो चित्त प्रसन्न छ भने त्यो प्रसन्नता आफुसम्म मात्र नराख्नु, अप्रसन्न चित्त भएकाहरूलाई बाड्ने प्रयास गर्नु । यति गरेपछि तिमीले धर्मकर्मको नाममा अरू क्यै गर्नु पर्दैन है, बाबु । ल, आजलाई यति नै ।

*तिम्रा परलोकवासी पिता ।*

**-साहित्यपोष्ट डटकम**

